# बुद्धशान्ति गाउँपालिका

## बुद्धशान्ति गाउँपालिकाद्वारा प्रकाशित

## स्थानीय राजपत्र

| खण्ड: ७ | संख्या: ९ | प्रकाशित मिति: २०८०।०६।१६ |
|---|---|---|
| कार्यपालिकाबाट स्वीकृत मिति:२०८०।०६।०४ | | |

## भाग-२

## बुद्धशान्ति गाउँपालिका

### सम्वत २०८० सालको निर्देशिका नं. ९

### बुद्धशान्ति गाउँपालिकाको उपभोक्ता समिति सञ्चालन (पहिलो संशोधन) निर्देशिका २०८०

**प्रस्तावना:** बुद्धशान्ति गाउँपालिकाको उपभोक्ता समिति संचालन निर्देशिका, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले गाउँ कार्यपालिकाको मिति २०८०।०६।०४ गतेको चौथो बैठकले यो निर्देशिका संशोधन गरी जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: यस निर्देशिकाको नाम "बुद्धशान्ति गाउँपालिकाको उपभोक्ता समिती सञ्चालन (पहिलो संशोधन) निर्देशिका २०८०" रहने छ ।

२. यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

३. मूल निर्देशिकाको दफा ८ को उपदफा १ को आयोजनमा लागत अनुमान अंकको कम्तीमा १५% जनसहभागिता बापत उपभोक्ता समितिले व्यहोर्ने भन्ने व्यवस्था हटाई कम्ती १०% राख्ने ।

४. दफा ८ को उपदफा २ को आयोजनामा लागत अनुमान अंकको कम्तीमा २५% जनसहभागिता बापत उपभोक्ता समितिले व्यहोर्ने भन्ने व्यवस्था हटाई कम्तीमा १० % राख्ने ।

५. मूल निर्देशिकाको दफा ८ को उपदफा ३ को पुरै वाक्यांस हटाई उपभोक्ता समितिको लागत सहभागिता वापतको रकम गाउँपालिकाको खातामा अनिवार्य रुपमा नगदै दाखिला गरेपछि मात्र आयोजना सम्झौता गर्ने भन्ने वाक्यांस राख्ने ।

६. मूल निर्देशिकाको दफा ७ को उपदफा १५ को सट्टा उपभोक्ता समितिबाट सञ्चालन हुने सम्पुर्ण योजनाको सम्बन्धमा सबैले देख्ने गरी आयोजना/कार्यक्रम स्थलमा मूल निर्देशिकाको अनुसुचीको १ बमोजिमको ढाँचामा आयोजनाको सूचना पाटी राख्नुपर्ने छ ।

आज्ञाले,
विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत